## खैरहनी नगर कार्यपालिकाको बैठक संख्या २ (आ.व.२०८२/८३)

आज मिति २०८२/०५/०४ गते बुधबार बिहानको ७:३० बजे खैरहनी नगरपालिकाका प्रमुख श्री शशी कुमार खनियाज्यूको अध्यक्षतामा तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्तावहरुमा छलफल गरियो।

### तपसिल

| क्र.स. | पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री शशी कुमार खनिया | |
| २ | उप-प्रमुख | श्री कविता उप्रेती | |
| ३ | वडा अध्यक्ष वडा नं. १ | श्री नवराज भुसाल | |
| ४ | वडा अध्यक्ष वडा नं. २ | श्री रोहिणी प्रसाद उप्रेती | |
| ५ | वडा अध्यक्ष वडा नं. ३ | श्री पूर्ण बहादुर गुरुङ्ग | |
| ६ | वडा अध्यक्ष वडा नं. ४ | श्री वेद बहादुर अधिकारी | |
| ७ | वडा अध्यक्ष वडा नं. ५ | श्री छत्रनाथ सुवेदी | |
| ८ | वडा अध्यक्ष वडा नं. ६ | श्री कमल प्रसाद न्यौपाने | |
| ९ | वडा अध्यक्ष वडा नं. ७ | श्री मनेजर महतो | |
| १० | वडा अध्यक्ष वडा नं. ८ | श्री शंकर कंडेल | |
| ११ | वडा अध्यक्ष वडा नं. ९ | श्री बन्धु राम महतो | |
| १२ | वडा अध्यक्ष वडा नं. १० | श्री चन्द्र बिक्रम चौधरी | |
| १३ | वडा अध्यक्ष वडा नं. ११ | श्री दिपेन्द्र कुमार दराई | |
| १४ | वडा अध्यक्ष वडा नं. १२ | श्री केदार नाथ पन्त | |
| १५ | वडा अध्यक्ष वडा नं. १३ | श्री कुल प्रसाद भुसाल | |
| १६ | कार्यपालिका सदस्य | श्री बुधरमिया चौधरी | |
| १७ | कार्यपालिका सदस्य | श्री गोमा देवी घर्ति | |
| १८ | कार्यपालिका सदस्य | श्री मैया बि.क. | |
| १९ | कार्यपालिका सदस्य | श्री बिक्रमिया चौधरी | |
| २० | कार्यपालिका सदस्य | श्री आनन्द दराई | |
| २१ | कार्यपालिका सदस्य | श्री विष्णु माया कामि | |
| २२ | कार्यपालिका सदस्य | श्री दुखीराम दराई | |
| २३ | कार्यपालिका सदस्य | श्री मेनुका परियार | |
| २४ | सदस्य सचिव | श्री विष्णु प्र. सापकोटा | |
| २५ | का. वडा अध्यक्ष वडा नं. २ | श्री कमला खनाल | |

खैरहनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खैरहनी, चितवन
बागमती प्रदेश
२०७३

बैठक संख्याः २ (२०८२/८३)

क. मिति २०८२/०५/०४ गते बुधबार

ख. बिहान:- ७:३० बजे।

प्रस्तावहरु:-

१. केही कार्यविधि संशोधन सम्बन्धमा।

२. वडा नं. ३ मा इश्वरी वि.क. को घरदेखि चक्रपथ निर्माण उपभोक्ता समितिको निवेदन सम्बन्धमा।

३. नगर अनुगमन समितिमा सदस्यहरु थप गर्ने सम्बन्धमा।

निर्णयहरुः-

निर्णय नं. १

क. खैरहनी नगरपालिकाको विपन्न कृषक परिवारलाई करेसाबारी खेतीमा प्रोत्साहन कार्यक्रम संचालन कार्यविधि, २०७९ मार्फत प्रदान गर्दै आइरहेको सेवा सुविधालाई थप प्रभावकारी, सहज तथा पारदर्शी बनाउन वाञ्छनीय भएकाले विधायन समितिबाट सिफारिस भई आएको **"विपन्न कृषक परिवारलाई करेसाबारी खेतीमा प्रोत्साहन कार्यक्रम संचालन कार्यविधि, २०७९ लाई संशोधन गर्न बनेको कार्यविधि २०८२"** पारित गर्ने।

ख. खैरहनी नगरपालिका अन्तर्गतका कृषकहरुलाई प्याज खेतीको साथसाथै मसला बाली विविधिकरण लाई प्रोत्साहन गर्नको लागि विधायन समितिबाट सिफारिस भई आएको **"प्याज खेती प्रोत्साहन कार्यक्रम संचालन कार्यविधि, २०८० लाई संशोधन गर्न बनेको कार्यविधि, २०८२"** पारित गर्ने।

ग. खैरहनी नगरपालिका अन्तर्गतका विपन्न घरपरिवारको परिभाषालाई थप विशिष्टिकृत गर्ने, क्षेत्र विस्तार गर्ने, अनुगमनलाई छिटो छरितो र प्रभावकारी बनाउन विधायन समितिबाट सिफारिस भई आएको **"विपन्न बालबालिका पोषण अनुदान कार्यविधि २०८० लाई संशोधन गर्न बनेको कार्यविधि २०८२"** पारित गर्ने।

घ. खैरहनी नगरपालिकाका स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध भएका विपन्न परिवारहरुको परिभाषालाई थप विशिष्टिकृत गर्ने, बीमा नवीकरण सम्बन्धी व्यवस्थालाई थप स्पष्ट पार्न विधायन समितिबाट सिफारिस भई आएको **"विपन्न परिवार तथा स्वास्थ्य बीमा कार्यविधि, २०७९ लाई संशोधन गर्न बनेको कार्यविधि २०८२"** पारित गर्ने।

ङ. खैरहनी नगरपालिकाको उप-प्रमुखसँग गर्भवती तथा सुत्केरी कार्यक्रम सञ्चालन कार्यविधि, २०८० मार्फत प्रदान गर्दै आईरहेको मातृ तथा नवशिशु कार्यक्रमलाई परिष्कृत एवं विशिष्टिकृत सेवाको रुपमा विकास गर्न र सेवा प्रवाह सम्बन्धी कार्य संचालनमा सहजता ल्याउन वाञ्छनीय भएकोले विधायन समितिबाट सिफारिस भई आएको **"उपप्रमुखसंग गर्भवती तथा सुत्केरी स्याहार कार्यक्रम सञ्चालन कार्यविधि २०८० लाई संशोधन गर्न बनेको कार्यविधि २०८२"** पारित गर्ने।

निर्णय नं. २

वडा नं. ३ मा इश्वरी वि.क. को घरदेखि चक्रपथ निर्माण उपभोक्ता समितिसंग आ.व. २०७९/८० को बजेट अन्तर्गत मिति २०८०/०१/१४ मा सम्झौता भई कार्यादेश दिएकोमा सो आ व को अन्त्यमा कार्य सम्पन्न गरि भुक्तानीका लागि पेश तथा सिफारिस नभएकोमा कार्यपालिकाबाट म्याद थप समेत छुट भएकोमा मिति २०८१/११/२८ को वडा नं. ३ को कार्यालयको सिफारिसमा लागत अनुमान भएको मध्ये ग्रेडर लगाउने ग्राभेल तथा बेस गर्ने कार्यको भुक्तानीका लागि सिफारिस पत्र प्राप्त भएको र मिति २०८२/०४/२९ मा उपभोक्ता समितिका अध्यक्ष श्री लब बस्नेतले नगर प्रमुख ज्यू समक्ष पेश गर्नुभएको

कुमार खनिया
नगर प्रमुख

निवेदन अनुसार यस बैठकमा पेश भएको सन्दर्भमा सोही चक्रपथका लागि बागमती प्रदेश सरकारबाट आ.व. २०८०/८१ को बजेट तथा कार्यक्रममा ५ करोड विनियोजन भएकोले उपभोक्ता समिति मार्फत निर्माण भइसकेको कार्यको समेत प्राविधिक अनुगमन तथा मूल्यांकन अनुसारको रकम प्रदेश सरकारकै बजेटबाट भुक्तानी हुने संभाव्यतालाई मध्यनजर गर्दै नगरपालिकाले उपभोक्ता समितिलाई भुक्तानी दिन ढिलाई भएको र भुक्तानी हुन बाँकी योजनाको सूचीमा समेत छुट भएको देखिएकोमा प्रदेश सरकारबाट कार्यान्वयन भएको सम्बन्धित योजना समेतको अध्ययन गरी प्रतिवेदन पेश गर्न प्राविधिक शाखालाई जिम्मेवारी दिने प्राविधिकहरुबाट प्राप्त प्रतिवेदनको सिफारिस बमोजिम नियमानुसार भुक्तानी प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

**निर्णय नं. ३**

खैरहनी नगरपालिकाको नगर अनुगमन समितिको अनुगमन कार्यलाई थप प्रभावकारी र सहज बनाउनका लागि तपसिल बमोजिमका दुई जना सदस्यहरु थप गर्ने निर्णय गरियो।

**तपसिल:**

१. बुधरमिया महतो – कार्यपालिका सदस्य

२. श्याम रेग्मी – वडा सदस्य वडा नं. १२